नरहा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा युवा तथा खेलकुद शाखा)
नरहा, सिरहा
प्रदेश नं. २, नेपाल

प.सं २०७७/७८
च.न ६

मिति : २०७७/०६/०४

विषय : निर्देशन सम्वन्धमा ।

श्री सम्पूर्ण विद्यालयहरु ,
नरहा गा.पा., सिरहा ।

प्रस्तुत विषयमा मिति २०७७/६/४ गते गा.पा. अध्यक्षको अध्यक्षता एवम् पदाधिकारी र प्र.अ.हरुको उपस्थितमा सम्पन्न बैठकबाट मिति २०७७/६/२१ गतेदेखि समायोजित पाठ्यक्रम ढाँचाको आधारमा विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका, २०७७को दफा ३३को उपदफा २ बमोजिम विद्यालयहरुमा प्रत्यक्ष शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न विद्यालयहरुले देहाय अनुसारका कार्यहरु गर्ने निर्णय भएकोले सोही अनुसार गर्न गराउनु हुन निर्देशनानुसार अनुरोध छ ।

तपसिल -

१. विद्यालयमा शिक्षक तथा कर्मचारीहरुको नियमित उपस्थितिको व्यवस्था मिलाउने ।
२. विद्यालयको नियमित सरसफाइको व्यवस्था मिलाउने ।
३. वि.व्य.स र वि.व्य. स. नरहेमा स्टाफसँगको संयुक्त निर्णयबाट विद्यालयको यथार्थ विवरण (विद्यार्थी संख्या, कक्षा कोठा संख्या, शिक्षक संख्या , फर्निचर संख्या ) , कति सिफ्टमा सञ्चालन गर्न मिल्ने ?
   स्वास्थ्य सम्वन्धी मापदण्ड पूरा गर्न आवश्यक पर्ने समाग्रीहरुको सूची सहितको सिकाइ कार्ययोजना तयार गरी मिति २०७७/६/८ गते भित्र शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने ।
४. विद्यार्थी अभिलेखको आधारमा शैक्षिक तथ्याङ्क विद्यालय तहको विद्युतीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको फायलमा प्रवृष्टि गर्नु पर्ने ।

देवशंकर यादव
शाखा अधिकृत (शिक्षा)